१६ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ३०५ ॥ २०८१ पुष १२ गते शुक्रबार (27th Dec 2024 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# सरकारको नीतिगत अस्पष्टताका कारण सुपारी बिकेन

द्रोण अधिकारी

भद्रपुर । रसिलो तथा गुणस्तरीय भएकै कारण भारतीय बजारमा नेपाली सुपारीको माग उच्च छ । केही वर्षयता भारत सरकारले नेपाली उत्पादन सुपारीलाई आयात गर्न कडाइ गरेपछि नेपाल सरकारले नीतिगत व्यवस्था गरी सुपारी निर्यात गर्ने भनेर तयारी थालेपछि यस वर्ष झापाको सुपारी भारत निकासी हुन सकेको छैन ।

नेपालको नीतिगत अस्पष्टताका कारण भारतीय व्यापारी सुपारी किन्न नआएपछि झापाका सुपारी कृषकले आफ्नो उत्पादन बिक्री गर्न सकेका छैनन् । बैध बाटोबाट भारतीय बजारमा सुपारी जान नसक्ने भएपछि अबैध बाटोबाट पठाउने व्यापारीले समेत झापाका सुपारी बगानमा गएर सुपारी खरिद गर्ने हिम्मत गर्न सकेका छैनन् ।

यसको प्रमुख कारण तेस्रो देशबाट आयातित सुपारीको लाइन सहज नभएकाले व्यापारिक समूह झापाको सुपारी बगानसम्म नपुगेका हुन् । नेपालमा सुपारी प्रशोधन गर्ने स्तरीय प्रशोधन केन्द्र नहुनु, भएका सुपारी प्रशोधन केन्द्र पनि तेस्रो देशको सुपारी नेपाली बनाउने र रातारात करोडौं कमाउने कालो व्यापारिक केन्द्र बन्दा वास्तविक नेपाली सुपारीले मार खेप्नु परिरहेको सम्बद्ध किसानको भनाइ छ ।

तेस्रो देशबाट आयातित सुपारी नेपाली सुपारीजस्तो गुणस्तरीय नभएका कारण नेपाली सुपारीमा मिसाएर भारततिर पठाउन थालेपछि भारत सरकारले गुणस्तरको प्रश्न उठाउँदै नेपाली सुपारी आयातमा कडाइ गरेको थियो । तर, बैध बाटोबाट नेपाली सुपारी भारत जाने



अवस्था निर्माण गर्न सरकारले काम थालेको जनाइरहँदा यस वर्ष झापामा सुपारी किन्ने ग्राहक नै आएका छैनन् ।

सुपारी बेचेर धान किन्ने वा घरव्यवहार चलाउने कृषकलाई सुपारी नबिकेपछि जीविकोपार्जनको चिन्ता थपिएको छ भने व्यवसायिक सुपारी खेती गर्ने कृषकहरू व्यवसाय डुब्ने चिन्तामा परेका छन् ।

संसद्को विषयगत समितिले सुपारीको डीएनए (बंशाणु) परीक्षण गरेर मात्र निर्यात गर्ने अनुमति दिन सरकारलाई निर्देशन दिएपछि पूर्वी नेपालको प्रमुख नगदे बाली सुपारीको व्यापार अन्योलमा परेको छ । झापालगायतका विभिन्न जिल्लामा वर्षौदेखि सुपारी उत्पादन हुँदै आएको छ । नेपालमा उत्पादित सुपारीको मुख्य व्यापार भारत रहेका कारण निर्यात हुने आशामा कृषकहरु भएपनि सुपारी बगानमै खेर जाने अवस्था आएको छ ।

सुपारी उत्पादक किसान संघका अनुसार नेपालमा लगभग १५ हजार मेट्रिक टन सुपारी वर्षेनि उत्पादन हुन्छ । जसको बजार मूल्य आठ अर्बदेखि १२ अर्बसम्म हुन्छ । अस्पष्ट सरकारी नीतिका कारण झापादेखि उदयपुरसम्म सुपारी खेतीमा आवद्ध एक लाख किसानको व्यवसाय चौपट हुने अवस्था आएको कृषक लोकबहादुर कुँवरको भनाइ छ । उनका अनुसार संसद्को विषयगत समितिले डीएनए जाँच गरेर मात्र निर्यात गर्ने व्यवस्था मिलाउनु भनेर अर्थ र वाणिज्य मन्त्रालयलाई निर्देशन दिएको पनि दुई वर्ष भइसक्यो । तर ,डीएनए टेष्ट कहाँ हुने हो केही अत्तोपत्तो छैन ।

२०७९ साउन १३ गते राष्ट्रिय सभाको दीगो विकास तथा सुशासन विकास समितिले डीएनए परीक्षणपछि मात्र सुपारी निर्यात अनुमति प्रदान गर्न वाणिज्य मन्त्रालय र अर्थमन्त्रालयमा पत्राचार गरेको थियो । डीएनए परीक्षण नै गर्ने भनिएपनि सरकारले अहिलेसम्म सुपारीको डीएनए जाँच हुने प्रयोगशाला स्थापना गरेको छैन । जसको असर सुपारी किसानले व्यहोर्नु परिरहेको छ ।

नेपालमा उत्पादित सुपारी निर्यातका लागि भारत सरकारले कोटा तोक्ने गरेको छ । इन्डोनेसियाबाट आयातित सुपारीलाई यही कोटामा भारत निर्यात हुनबाट रोक्न डीएनए गरेर देशभित्रै उत्पादित प्रमाणित गर्न संसदीय समितिले सरकारलाई निर्देशन दिएको थियो । तर, समाधानको उपाय ननिस्कदा यही डीएनए परीक्षणको उल्झन सुपारी निर्यातको प्रमुख बाधक बनेको किसानहरू बताउँछन् । बिगत वर्षदेखि नै किसानले फलाएको सुपारीको सहज निर्यात हुन सकेको छैन । अघिल्लो वर्ष पनि झापाका सुपारी किसानले निर्यात नीति नबनेको बहानामा निकै कम मूल्यमै सुपारी बेच्नु परेको थियो भने यो वर्ष त बिक्री हुने आधार नै नदेखिएको किसानको दुःखेसो छ ।

उत्तरी झापाको बाहुनडाँगीमा जंगली हात्तीले धान, मकैलगायतका अन्न बाली खाएर नोक्सानी गर्न थालेपछि किसानहरू जीविकोपार्जनका लागि सुपारी, चियालगायतका नगदे बालीको उत्पादनतर्फ आकर्षित भएका छन् । तर सुपारी नबिक्ने समस्या आएपछि किसानहरूको विचल्ली भएको छ । हरेक वर्ष असोजदेखि नै व्यापारीहरू सुपारीको बगान खरिद गर्न गाउँ डुल्ने गर्थे । यसपाली सुपारी उत्पादन हुने मुख्य स्थानहरु बाहुनडाँगी, शनिश्चरे र बुधवारेलगायत झापाका अधिकांश क्षेत्रका सुपारी बगान सुनसान छन् । यसवर्ष पुषको दोस्रो साता बित्न लाग्दासमेत व्यापारीहरू सुपारी किन्न नआउँदा किसान चिन्तित बनेका छन् ।

कहिले नेपाल सरकारको उल्झन त कहिले भारत सरकारको हस्तक्षेपले नगदेबाली सुपारीको व्यापारमा समस्या बढ्न थालेपछि कृषक भने थप पीडामा परेका छन् । नेपाली उत्पादनलाई सहज बनाएर भारत निर्यातमा लाग्नु पर्नेमा सरकारको अलमलले गर्दा झापामा उत्पादिक सुपारी यस वर्ष बिक्ने हो कि होइन थप चिन्तामा छन् सुपारी किसान । सरकारी पक्ष आफ्नो समस्यामा संवेदनशील नभएको उनीहरूको आरोप छ ।

## लडेर दुईजनाको मृत्यु , एक घाइते

झापा(प्रस) । धनकुटा, संखुवासभा र ओखलढुङ्गामा लडेर दुईजनाको मृत्यु भएको छ भने एकजना घाइते भएका छन् । बुधवार बिहान ११.४५ बजे धनकुटा नगरपालिका वडा नम्बर ७ बसपार्कमा अन्दाजी ७० वर्षीय महेन्द्र कटुवाल आफ्नै घरको शौचालयमा लडेर अचेत अवस्थामा फेला परेका थिए । उनका छोराले देखेर उपचारको लागि जिल्ला अस्पताल धनकुटा ल्याएकोमा चिकित्सकले ११:५५ बजे मृत घोषणा गरेका थिए ।

त्यस्तै बुधवार दिउँसो ३.४० बजे संखुवासभा पाँचखपन नगरपालिका वडा नं. ४ फापुङ बस्ने कविराज दर्जीकी अन्दाजी २३ वर्षीया छोरी रमला दर्जी पानी लिन जाने क्रममा साउने खोल्सीको कुँवामा लडी मृत अवस्थामा फेला परेकी थिइन् ।

त्यस्तै बुधवार राति ८.१० बजे ओखलढुङ्गा सुनकोशी गाउँपालिका-५ मा निर्माण भइरहेको पाँच बेडको अस्पताल भवनमा काम गर्ने क्रममा इटहरी १४ बस्ने २५ वर्षीय अनिल चौधरी लडेर घाइते भएका छन् । डोकोमा इटा बोक्ने क्रममा लडेर घाइते भएका चौधरीलाई जनसेवा हेल्थ केयर घुर्मीमा सामान्य उपचारपश्चात् थप उपचारको लागि बिराटनगरतर्फ लगिएको प्रहरीले जनाएको छ ।

## हल्दिबारीमा दोस्रो भेलागुरी महोत्सव सुरु

हल्दिबारी(प्रस) । हल्दिबारीको भेलागुरी सहिद स्मृति लोकतान्त्रिक पार्कमा बिहीवारबाट दोस्रो भेलागुरी महोत्सव सुरु भएको छ ।

एक औपचारिक कार्यक्रमका बिच भेलागुरी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष पुण्यप्रसाद लम्सालको अध्यक्षतामा कोशी प्रदेशका वन वातावरण तथा पर्यटन मन्त्री सदानन्द मण्डलले महोत्सवको उद्घाटन गरेका थिए ।कार्यक्रममा प्रमुख अतिथि मण्डल , पूर्वाधार विकास राज्यमन्त्री भूमिप्रसाद राजवंशी , कोशी प्रदेश सभा सदस्य छविलाल चुडाल , हल्दिबारी गाउँपालिकाका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देन , हल्दिबारी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर बन (महेन्द्र), हल्दिबारी वडा नं-२ वडा अध्यक्ष सुकलाल राजवंशीलगायतले महोत्सवको सफलताको लागि शुभकामना व्यक्त गरेका थिए ।

महोत्सव आयोजना गर्नुको उद्धेश्यमाथि वन समूहका अध्यक्ष लम्सालले प्रकाश पारेका थिए । वन समूहकी उपाध्यक्ष भिमादेवी लम्सालले स्वागत गरेको कार्यक्रमको सहजीकरण सचिव खकेन राजवंशीले गरेका थिए ।

## सीमा अपराध नियन्त्रण गर्ने स्थानीय सरकार र सशस्त्र प्रहरीबिच सहमति

झापा(प्रस)। सीमा अपराध नियन्त्रण गर्न झापाका स्थानीय सरकार र सशस्त्र प्रहरी बल, नेपालबिच सहकार्य गर्ने सहमति भएको छ ।

"सीमावासीसँग सशस्त्र प्रहरी" कार्यक्रमअन्तर्गत सीमासंग जोडिएका २३ वटा वडाका वडा अध्यक्ष तथा प्रतिनिधिहरुसंगको अन्तरक्रिया कार्यक्रममा सीमा सुरक्षा गरी सीमा अपराध नियन्त्रण गर्न स्थानीय सरकार र सशस्त्र प्रहरी बल, नेपालबिच समन्वय तथा सहकार्य गर्ने सहमति भएको हो ।

सशस्त्र प्रहरी बल नेपाल नं. २ गण हेक्वा झापामा सशस्त्र प्रहरी बल, नेपाल नं.२ गण हे. क्वा. झापाका गणपति सशस्त्र प्रहरी उपरीक्षक कविन्द्र राईको प्रमुख आतिथ्यमा भएको अन्तरक्रिया कार्यक्रममा सीमामा प्रत्यक्ष सरोकार राख्ने स्थानीयवासीहरुसँगको सुमधुर सम्पर्क, समन्वय र सहकार्यले सीमा सुरक्षाको जिम्मेवारीलाई प्रभावकारी रुपमा सम्पादन गरी संगठनले सीमा सुरक्षाको सवालमा राखेको लक्ष्यलाई पूरा गर्न सहज भएको निष्कर्ष निकालिएको सशस्त्र प्रहरी बल नेपाल नं. २ गण हे.क्वा. झापाका सूचना अधिकारी सशस्त्र प्रहरी नायव उपरीक्षक महेशराज बिष्टले जानकारी दिए । सीमावासीबाट प्राप्त सूचना, सहयोग र सीमावासीको प्रतिनिधिको रुपमा अन्तर्राष्ट्रिय सीमा जोडिएका स्थानीय तहका सीमावर्ती वडाका वडा अध्यक्षहरुको संयोजकत्वमा विभिन्न संघ संस्था, सुरक्षा निकाय र सरोकारवाला अन्य निकायहरुको सहभागितामा गठन भएका सीमा सहजीकरण समितिहरुवाट नियमित बैठक छलफल अन्तरक्रियामार्फत सीमा सुरक्षामा देखिएका समस्या तथा कमि कमजोरीहरुलाई सुधार गरी आगामी दिनमा सशस्त्र प्रहरी बलले अवलम्बन गर्नुपर्ने भावी नीति र कार्यक्रमका बारेमा समेत छलफल भएको सशस्त्र प्रहरी नायव उपरीक्षक बिष्टले जानकारी दिए ।

सीमा सुरक्षा कार्यलाई अझ प्रभावकारी बनाउने उद्देश्यअनुरुप सशस्त्र प्रहरी बल नेपालले अगाडी ल्याएको "सीमावासीसँग सशस्त्र प्रहरी" कार्यक्रमअन्तर्गत सीमा सुरक्षामा खटिएका बि.ओ.पि. प्रस्तावित सीमा सुरक्षा गुल्म र गणहरुले विविध कार्यक्रम र सचेतनामूलक कक्षाहरु संचालन गर्दै आइरहेका छन् ।

कार्यक्रममा सशस्त्र प्रहरी बल, नेपालप्रति स्थानीय जनताको अपेक्षा, सीमावर्ती अपराध र गैरकानूनी क्रियाकलाप नियन्त्रण गर्न समुदायको भूमिकाको पहिचान, सशस्त्र प्रहरी बल, नेपालले संचालन गर्ने Community outreach Program, स्थानीय सरकारको सहभागिता सहयोगका क्षेत्रहरु, सीमावर्ती इलाकाको जनताको कल्याणकारी कार्य सम्बन्धमा Border Area Development program (BADP) अन्तर्गत पूर्वाधार विकास, महत्वपूर्ण धार्मिक तथा ऐतिहासिक स्थलहरुको सरसफाई तथा सीमाबासी नागरिकहरुको जिविकोपार्जनमा टेवा पुर्याउने उद्देश्य अनुरुप सिपमुलक तालिम संचालन गर्ने जस्ता विविध बिषयहरुमा पनि छलफल भएको थियो । अन्तरक्रिया कार्यक्रममा जनप्रतिनिधिसंगै प्रस्तावित सीमा सुरक्षा गुल्मका गुल्मपतिहरु तथा बिओपीपतिहरु र अन्य सिनियर अधिकृतहरुको उपस्थिति रहेको थियो ।

# पत्रकार महासंघ सम्भावना र चुनौती



• केशव भट्टराई

नेपाली सञ्चारकर्मीहरूको गौरवशाली छाता संगठन नेपाल पत्रकार महासंघको पछिल्लो समयावधि कठिन संक्रमणकालीन समयबाट गुज्रिन पुग्यो। अन्योलपूर्ण घडीमा मतदानका लागि तोकिएका दुईवटा मिति तुहिएपछि निर्धारण गरिएको २८ मंसिरको निर्वाचन मिति पनि त्यति धेरै विश्वसनीय थिएन ।

यद्यपि निर्वाचन सम्पन्न भयो, यो आफैमा सर्वाधिक उपलब्धि हो। प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत आफ्नो नेतृत्व चुन्ने अभ्यासको दोस्रो श्रृंखलाबाट नवीन नेतृत्वमा पुग्ने केन्द्रीय अध्यक्षसहित सबै तहका निर्वाचित पदाधिकारीहरूमा कार्यकाल सफलताका लागि हार्दिक शुभेच्छा ।

पछिल्लो निर्वाचन र झापा शाखा

नेपाल पत्रकार महासंघ झापा शाखा (२०७८-०८१) जो आफ्नो कार्यसम्पादन गरी नयाँ नेतृत्वलाई जिम्मेवारी हस्तान्तरण गरिरहेको थियो। यो परिवेशमा देशभरिबाट उत्कृष्ट शाखाको उपाधि चुमेर आफ्नो कार्यकाललाई स्वर्णिम बनाउँदै नवीन नेतृत्व स्थापित गरिरहँदा केही फरक परिवेश झापामा पक्कै पनि थिए ।

कोरोना कहरको महामारीलाई छिचोल्दै अघि बढेको झापा शाखाको यो कार्यसमितिको उडानमा आकाश सफा थिएन। बादलका अवरोधले गतिशील यात्रालाई हल्लाउने प्रयासहरु नभएका होइनन् । आपसी बैमनस्यता, रिसिबी, विरोध र व्यक्ति विशेष बहिष्कारहरु अवरोधरुपी बादलका रुपमा देखापरेको घामजस्तै छर्लङ्ग छ ।



पछिल्लो पटक नेपाल पत्रकार महासंघले निर्णय गरी कार्यान्वयनमा ल्याएको शुद्धिकरण अभियान देशव्यापी बिजनेसले आपसी दुरी बढाउने भूमिका खेलेकै हो। शुद्धिकरण अभियान आफैमा नराम्रो थिएन । तर, केन्द्रीय नेतृत्वको अकर्मण्यताका कारण यो अभियानले सोचेअनुरुप लक्ष्य प्राप्ति गर्न नसकेकै हो।

जसका कारण चुनावका मुखमा केन्द्रीय अध्यक्ष विपुल पोखरेल र त्यसपछि कार्यवाहक अध्यक्ष बनेका रमेश बिष्टले समेत राजीनामा दिनुपर्यो। यो राजीनामाका कारकहरु थुप्रै हुन सक्छन् । कारकहरुलाई समयले जवाफ दिँदै जानेछ ।

झापा शाखाको हकमा मात्रै नभएर देशभरि नै चुनावी मैदानका लागि संगठनहरू बीचमा गठबन्धन तयार भए । प्रष्ट रुपले सरकारमा रहेका दलहरू निकट दुईवटा संगठन नेपाल प्रेस युनियन र प्रेस चौतारी नेपाल एकापट्टि र विपक्षी मोर्चामा रहेका दलहरुसँग निकट रहने संगठन अर्कोपट्टि बसेर चुनावमा होमिए । यसको नाफाघाटा चुनावी परिणामले देखाइसकेको छ ।

चुनावी परिणाम आफूलाई संयमित गर्ने ,समीक्षा गर्ने , आफूले आफैंलाई मूल्याङ्कन गर्ने, विजयी हुनेले कार्ययोजना कार्यान्वयन गर्ने र उपविजेताले रचनात्मक र खबरदारीपूर्ण सहयोगी भूमिका निर्वाह गरी छाता संगठनको जगलाई थप दर्बिलो बनाउने एउटा पर्व पनि हो। यति कुरा सबैले बुझ्नसके अधिकांश समस्या समाधान भएर जानेछन् ।

निर्वाचनका दौरानमा पक्ष प्रतिपक्ष स्वाभाविक हो। प्यानल र मोर्चाबन्दी एउटा अभ्यास हो। तर, निर्वाचनको परिणामपछि यो अभ्यास एउटा संरचनामा परिणत हुन जान्छ। प्यानल, मोर्चाबन्दी र त्यसको स्वस्थ अभ्यास अल्पकालीन कुरा हो। परिणामपछि आउने संरचना भने दीर्घकालीन हुन जान्छ। यो मूल्यलाई आम पत्रकारले आत्मसात् गर्नु अनिवार्य छ।

पत्रकारहरूले यो समाजलाई दिशानिर्देश गरिरहेका हुन्छन्। यो समाजले पनि पत्रकार र पत्रकारका संगठन र संरचनाहरुलाई उति नै नजिकबाट पढिरहेका छन्। समाज संरचनाका सबै पक्षका लागि पत्रकार महासंघ र आबद्ध पत्रकारहरु परीक्षाकै कसीमा बाँधिएका छन् भन्ने मर्मलाई भुल्न कदापि सकिँदैन । त्यसकारण महासंघको जिम्मेवारीमा पुगेका साथीहरू सामाजिक उत्तरदायित्व निर्वाह गर्ने-गराउने उपल्लो चरणमा पुगेका छन् भन्दा अत्युक्ति नहोला ।

❖ बाँकी तेस्रो पृष्ठमा

# येरुसेलम विलिभर्स ईष्टर्न चर्च भद्रपुरले मनायो बडादिन

• **वीरु दर्नाल,**

भद्रपुर(प्रस)। येरुसेलम विलिभर्स चर्च भद्रपुरले विविध कार्यक्रम गरी खीष्टमस पर्व मनाएको छ। हरेक वर्षको डिसेम्बर २५ तारिखलाई येशू खीष्टको जन्मदिनको अवसरको स्मरण गर्दै विश्वभरिका ईसाई धर्मावलम्बीहरुले बडादिनको रुपमा जन्मोत्सव मनाएका हुन् ।

चर्चका रेभरेन फादर जगत वाग्लेको अध्यक्षता र भद्रपुर नगरपालिकाका नगर प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । डिकन फादर समर वाग्लेले स्वागत तथा विक्रम वाग्लेले संचालन गरेको कार्यक्रममा बाईबलीय बचनद्वारा खीष्टमसको महत्वबारे रेभरेन फादर जगत वाग्लेले प्रकाश पारेका थिए । रेभरेन फादर वाग्लेले पवित्र धर्मशास्त्र बाईबलअनुसार येशूको जन्मले मानिस जातिबिचको प्रेम , शान्ति लिएर आएको बताए । यसकारण पनि येशूको जन्ममा सबै हर्षित हुनु पर्ने बताए । यस्तै प्रमुख



अतिथि पोखरेलले चर्चले धार्मिक कार्यसँगै बिभिन्न सामाजिक कार्य गरेर आफ्नो अलग पहिचान बनाउन सफल भएकोले आगामी दिनमा पनि यस्ता कार्यहरुलाई निरन्तरता दिन आग्रह गरे ।

त्यस्तै अर्का अतिथि भद्रपुर वडा नं ८ का वडा अध्यक्ष मनोज सुब्बा ( गौरव ) ले स्थानीय सरकारले सबैखाले धर्म, समुदायलाई उत्तिकै साथ र सहयोग गरेको बताउँदै आगामी दिनमा पनि यो कार्य नरोकिने प्रतिवद्धता जनाए ।

कार्यक्रममा अग्रज संचारकर्मी गोपाल गिरी , पूर्व डीएसपी धनप्रसाद शिवाकोटी , रेडक्रससकर्मी केदार महतलगायत बिभिन्न सामाजिक ब्यक्तित्वको आतिथ्यता रहेको थियो । कार्यक्रमको अवसरमा स्थानीय मण्डलीका सात जना जेष्ठ सदस्य तथा मण्डलीलाई बिभिन्न समयमा सहयोग पुर्याउने छ जना सदस्यलाई सम्मान गरिएको थियो ।

साँस्कृतिक प्रस्तुती , भजन , कविता बाचनजस्ता कार्यक्रम गरी खीष्टमस हर्षोल्लासपूर्वक मनाएको जनाइएको छ । आयोजकका अनुसार सान्ताक्लाउससँग फोटो खिचाउने युवाहरुको भीड थामी नसक्नुको थियो ।

२०६२-०६३ पछि धर्म निरपेक्ष राष्ट्र घोषणा भएसंगै सरकारले खीष्टमसको दिनमा सार्वजनिक विदा दिँदै आएको छ । यसले गर्दा अन्य धर्मावलम्बीहरुसमेत खीष्टमस उत्सवप्रति आकर्षित हुँदै गएका छन् । धन्यबाद र अन्तिमको प्रार्थना अध्यक्ष रेभरेन फादर वाग्लेले गरेका थिए ।

# विलिभर्स ईष्टर्न चर्च बिर्तामोडले मनायो खीष्टमस



बिर्तामोड(प्रस) । बिर्तामोडस्थित विलिभर्स ईष्टर्न चर्चले बुधवार बिभिन्न कार्यक्रम गर्दै खीष्टमस पर्व मनाएको छ ।

चर्चका बिर्तामोड डायोसिस सेक्रेटरी तथा रेभरेन फादर डा. चित्रकुमार रुपाचाको सभापतित्वमा सम्पन्न कार्यक्रममा कोशी प्रदेशका खानेपानी , सिंचाई तथा ऊर्जा मन्त्री एकराज कार्कीको प्रमुख आतिथ्य रहेको थियो । प्रमुख अतिथि कार्कीले दीप प्रज्वलन तथा केक काटेर कार्यक्रमको उद्घाटन गरेका थिए । प्रमुख अतिथि कार्कीले चर्च परिवारको अवस्थालाई देखेर पानीको फिल्टर उपलब्ध गराउने आश्वासन दिएका छन् ।

कार्यक्रममा जाडोको न्यानो कपडा बितरण गरिएको थियो । चर्चकै १२ जना जेष्ठ तथा असक्त परिवारलाई कपडा बितरण गरिएको चित्र बिकले जानकारी दिए । कार्यक्रममा बिभिन्न साँस्कृतिक कार्यक्रम गरिएको थियो । कार्यक्रममा स्वागत , सुरु तथा अन्तिमको प्रार्थना डा. रुपाचा , बाईबलीय बचन डिकन फादर राजु खडियाले गरेका थिए ।

कार्यक्रममा नेपाली काँग्रेस नगर सभापति भोजराज सिटौलालगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा बिर्तामोड नगरपालिकाका नगर उपप्रमुख नगेन्द्र संग्रौला, एमाले नगर अध्यक्ष सुवास भट्टराई , माओवादी उपाध्यक्ष जेबी जबेगु र सचिव गणेश कालीकोटे , राप्रपा नगर अध्यक्ष लक्ष्मी गौतम , बिर्तामोड खानेपानी संस्थाका अध्यक्ष मेघराज बास्तोला , बाह्रदशी ३ का पूर्व वडा अध्यक्ष वीरेन्द्र राजवंशी , देवभूमि बिद्यापीठ स्कुलका संस्थापक सुमन शर्मा जमरकट्टेल , अर्जुनधारा ७ वडा अध्यक्ष गोबिन्द खतिवडालगायतको आतिथ्य रहेको थियो । कार्यक्रमको संचालन वीरु दर्नाल , कृष्ण लिम्बू र पूजन लिम्बूले संयुक्तरुपमा गरेका थिए ।

# विलिभर्स चर्चमा रमाइलो गर्न आउनेहरुको भीड

बिर्तामोड(प्रस)। पूर्वको आकर्षणको केन्द्रविन्दु बनेको देशकै ठूलो बिर्तामोडको विलिभर्स चर्चमा खीष्टमस पर्वको अवसरमा रमाइलो गर्न आउनेहरुको भीड लागेको छ। खीष्टमस पर्वको कार्यक्रममा इसाई धर्मावलम्बीहरुसंगै अन्य धर्मावलम्बीहरु पनि हेर्न आएका थिए । त्यहाँको आकर्षण हेर्न , फोटो र भिडियो खिच्न र टिकटक बनाउन बुधवार बिहानदेखि नै युवा युवतीहरुको भीड लागेको थियो । कार्यक्रम चलिरहेका बेला करिव १२ सय युवा युवतीहरु आएको चर्चका सेवक वीरु दर्नालले बताए । त्यस्तै साँझपख बिजुली बत्तीको झिलिमिली हेर्न आउनेहरुको संख्या अझ बढी रहेको थियो । त्यसो त अन्य दिन पनि सो चर्चलाई हेर्न आउनेको संख्या धेरै नै हुने गरेको छ।

सो चर्च गत वर्ष निर्माण गरिएको हो । वडा नम्बर ४ मा निर्मित सन्त पावल विलिभर्स ईष्टर्न चर्च भौतिक संरचना र क्षेत्रफलको हिसाबले नेपालकै ठूलो , ब्यवस्थित र नमूनाको रुपमा रहेको छ । करिव तीन करोडको लागतमा सो चर्चको निर्माण कार्य चार वर्षअघि शुरु भएको थियो ।


## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश झापा जिल्ला,झापा गाउँपालिका वार्ड नं.-५मा बस्ने श्री टिम्का राजवंशीकी छोरी पुर्णिमादेवी राजवंशीको मिति वि.सं.२०८१/०६/०८गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय राजगढमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका छोरी श्री राधिका राजवंशीले मिति २०८१/०८/०९मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि. Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner) नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको ) Birtamode, Jhapa 023-533564 | 534010 info@edb.com.np www.edb.com.np



Developing Trust & Sustainable It Soultion
FAST TRACK IT SOLUTION
Branded Computers
Laptops
Smart Phones
Printers
CCTV Camera
Batteries
Accessories
Gadgets
OUR SERVICES
• Networking
• Software & Reprogramming
• Computer & laptop Accessories
• CCTV Camera & Security
• Computer & Printer Repairing
Sanischare Road Luitel Complex Birtamod, Jhapa
023-532354
ftis075@gmail.com
www.ftis.com.np



## शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

## सधियारका नाममा जारी १५ दिने सूचना

मिति : २०८१-०८-२०

श्री रुपेश तुम्याङ्गले निजका नाममा दर्ता कायम रहेको साविक शिवगञ्ज वडा नं. ६ हाल शिवसताक्षी न.पा. वडा नं. ९ सडकमा पर्ने कि.नं. २६०३४ क्षेत्रफल ०-०-१०.५० भित्र यस न.पा.मा पेश गरेको नक्सा बमोजिमको भवन बनाउन नक्सा पास गरी पाउँ भनि निवेदन पेश गरेकोमा सधियारको नाममा यो सूचना पेश गरिएको छ । निवेदन साथ पेश हुन आएका प्रमाण र नापीको आधारमा निर्माण स्वीकृति दिँदा तपाईको जग्गा तथा सार्वजनिक स्थलको हानी नोक्सानी हुन्छ हुँदैन, सन्धी सर्पन हानी नोक्सानी हुन्छ/हुँदैन हानी नोक्कासी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सबुत प्रमाण सहित नगरपालिकामा उजुर गर्न सूचीत गरिन्छ । म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराईन्छ ।

**१. पक्की २ तला घर/कम्पाउन्ड वाल बनिने जग्गाको विवरण:**

| दिशा | छोडेको आफ्नो जग्गा | सधियार | |
|---|---|---|---|
| | | कि.नं. | नाम |
| पूर्व | - | २९०३३ | - |
| पश्चिम | - | २११५२ | - |
| उत्तर | - | - | बाटो |
| दक्षिण | - | २४९४ | - |

**घर/कम्पाउण्डको नाप: लम्बाई: .........., चौडाई: ...........,उचाई : ........... तला संख्या: ........... (नोट: निर्माणकर्तालाई सूचना टाँस भएको मितिले १६ औं दिनमा नगरपालिकामा सम्पर्क राख्नुहुन र स्वीकृत पत्र लिनुपूर्व निर्माण कार्य गरेमा प्रचलित ऐन बमोजिम कारवाही हुन व्यहोरा जानकारी गराईन्छ ।**



## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (तिन) ०३ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति: २०८१-०९-१२

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ०३ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **०३ औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **०४औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ। तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। कथम्कदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ। साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ।

**तपसिल**

| क्र.सं. | ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते विवरण<br>शखा कार्यालय: कंचनबारी | धितो सुरक्षणको विवरण |
|---|---|---|
| १. | ऋणीः प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य तथा आपूर्ती व्यवस्थापन विभाग, वाणिज्य कार्यालय विराटनगरमा मिति २०७२/०८/२७ मा प्रा.फ.र.न. २७६९१ अन्तरगत रजिष्ट्रर्ड दर्ता भएको रजिष्ट्रर्ड ठेगाना मोरङ्ग जिल्ला विराटनगर उ.मा.न.पा./गा.वि.श. वडा नं.१५ भई हाल मोरङ्ग जिल्ला विराटनगर मा.न.पा.वडा नं.११, पन्चमूखी चोक स्थित ॐ साइराम सप्लायर्सका तर्फबाट ऐ.का प्रोप्राइटर नरेश प्रसाद सिंह राजपूतकी छोरी, सन्तोष कुमार सिंहकी पत्नी, नागरिकता बमोजिम सप्तरी जिल्ला मधेपुरा गा.वि.स., वडा नं. ०६, स्थायी ठेगाना भै हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा.,वडा नं.११, पन्चमूखी चोक बस्ने मिति २०५५/०९/२२ मा जिल्ला प्रशासन कार्यालय, मोरङबाट जारी गरिएको ना.प्र.प.नं.३९४०१ भएको बर्ष ४१ की **गुञ्जन कुमारी सिंह**<br>**कर्जा शिर्षक : सवारी साधन कर्जा**<br>**व्यक्तिगत जमानीकर्ता:**<br>नाम :- रुमन विक्रम सिंह बाबू :- सन्तोष कुमार सिंह, बाजे :- कामेश्वर प्रसाद सिंह<br>ना प्र नं:- ०६-०१-७८-०३५५०,<br>इनरुवा न.पा/गा.वि.स. वडा नं.०३, स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा., वडा नं. ११ बस्ने । | **सवारी साधनको विवरण:**<br>**उत्पादक कम्पनीको नाम:** TATA MOTORS<br>**सवारी साधन मोडेल :** XENON YODHA<br>**बनेको मिति:** 2021<br>**सवारी दर्ता नं. :** प्र.१-०२-००२ च ४९६४<br>**ईन्जिन नं. :** 49PCR10BYX607735<br>**चेसिस नं. :**MAT464602MSR03541 |

**शर्तहरु:-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षेरपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि. Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner) नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको ) Birtamode, Jhapa 023-533564 | 534010 info@edb.com.np www.edb.com.np

कर्जा असुली विभाग



## फोहरमैलाको उचित व्यवस्थापन गरौं

- सडक र सार्वजनिक स्थानमा फोहोर नफालौं,
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थलबाट निस्किएको फोहोरको उचित ब्यवस्थापन गरौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै राखौं,
- कुहिने फोहोरलाई घरमा नै मल बनाई प्रयोग गरौं,
- पुनः प्रयोग हुन सक्ने वस्तु (जस्तै - प्लाष्टिकका डिब्बा, झोला आदि) पुनः प्रयोग गरौं,
- फोहोरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं,
- प्लाष्टिक वा अन्य वस्तु प्रयोग वा उपयोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालों,
- फोहोरमैलाको व्यवस्थापनमा सबै जुटौ,
- शहर तथा गाउँ स्वच्छ र सफा राखौ ।

नेपाल सरकार विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

# मासुबाट मधुमेहको जोखिम

**चर्चित जनस्वास्थ्य जर्नल ल्यान्सेटमा प्रकाशित एउटा अध्ययनले प्रकार दुई मधुमेहसँग रातो मासु सेवनको सम्बन्धलाई उजागर गरेको छ**

रातो मासु प्राचीनकालदेखि नै मानिसको आहारको अभिन्न हिस्सा रहँदै आएको छ। यो प्रोटिन, भिटामिन बी, फलाम, जिंकजस्ता तत्वको उत्कृष्ट स्रोत हो। तर, रातो मासु धेरै समयदेखि मुटुरोग, क्यान्सर र प्रारम्भिक मृत्युको जोखिम बढाउनेसँग सम्बन्धित मानिन्छ। धेरैले नसुनेको जोखिमका रूपमा रातो मासुको सेवन र प्रकार–२ मधुमेहबिच सम्बन्ध रहेको छ।

सेप्टेम्बर २०२४ मा जनस्वास्थ्य जर्नल ल्यान्सेटमा प्रकाशित एउटा अध्ययनले प्रकार २ मधुमेहसँग रातो मासु सेवनको सम्बन्धलाई उजागर गरेको छ। यसमा अमेरिका, भूमध्यसागरीय, युरोप, दक्षिणपूर्व एसिया र पश्चिम प्रशान्त क्षेत्रका २० देशका तथ्यांक प्रयोग गरिएको थियो। झन्डै २० लाख सहभागी समावेश गरिएको यस पछिल्लो अध्ययनले गाईको मासु, भेडाको मासु र सुँगुरको मासुजस्ता प्रशोधित नभएको रातो मासु तथा बेकन, सलामी र चोरिजोजस्ता प्रशोधित मासुको अत्यधिक सेवनले प्रकार २ मधुमेह बढाएको पत्ता लगाएको छ।

शोधकर्ताले कुखुराको मासुको सेवन र प्रकार २ मधुमेहको घटनाबिच पनि सम्बन्ध देखाएका छन्, तर यो सम्बन्ध कमजोर रहेको र विभिन्न जनसंख्यामा फरक रहेको अध्ययनमा उल्लेख छ। प्रकार २ मधुमेह एउटा गम्भीर सार्वजनिक स्वास्थ्य समस्या हो, जसले विश्वभर ४६ करोड दुई लाख मानिसलाई प्रभावित गरेको छ। यो रोग तब हुन्छ, जब हाम्रो शरीरले पर्याप्त इन्सुलिन उत्पादन गर्दैन, वा इन्सुलिनलाई प्रभावकारी रूपमा प्रयोग गर्न सक्दैन। इन्सुलिन प्यान्क्रियाज नामक सानो पात आकारको ग्रन्थीले उत्पादन गर्ने हर्मोन हो, जुन पेटका पछाडि र मेरुदण्डका अगाडि रहेको हुन्छ। इन्सुलिनले रगतको ग्लुकोजलाई कोषमा प्रवेश गर्न मद्दत गर्छ, जसले रगतमा ग्लुकोजको स्तर बढ्नबाट रोक्छ।प्रकार २ मधुमेहमा हाम्रो शरीरले पर्याप्त इन्सुलिन उत्पादन गर्न नसक्ने वा इन्सुलिनलाई प्रभावकारी रूपमा प्रयोग गर्न नसक्ने (जसलाई 'इन्सुलिन प्रतिरोध' वा 'इन्सुलिन संवेदनशीलताको कमी' पनि भनिन्छ) कारणले रगतमा ग्लुकोजको स्तर अत्यधिक बढ्छ। यसले अत्यधिक तिर्खा लाग्ने, बारम्बार पिसाब फेर्नुपर्ने र थकान महसुस हुनेजस्ता लक्षण पैदा गर्छ।

दीर्घकालीन स्वास्थ्य समस्यामा स्नायु क्षति, खुट्टासम्बन्धी समस्या र मुटुरोग पर्छन्। रातो मासु सेवन र प्रकार २ मधुमेहको सम्बन्धका प्रक्रिया स्पष्ट छैनन्। यी प्रक्रिया प्यान्क्रियाजको कार्यक्षमता, इन्सुलिन संवेदनशीलता, वा दुवैसँग सम्बन्धित हुन सक्छन्।

जाडो बिदा नजिकिँदै गर्दा र चाडपर्वका जमघटमा सहभागी हुँदा रातो मासुको सेवन घटाउनु चुनौतीपूर्ण हुन सक्छ, विशेषतः रातो मासुको स्वाद मन पराउनेका लागि सकस हुन सक्छ।

# अपरिहार्य नैतिक शिक्षा



• रमेशप्रसाद गौतम

हरेक बालकको पाठशाला आफ्नो घर हो। पहिलो शिक्षक आमा र बाबु हुन्। बालकको जीवनको आदर्श आमा बाबु हुन्। बालकले अनुसरण गर्ने भनेको नै घर परिवारका सदस्यले गर्ने व्यवहार, तिनले बोलेका कुरा आनीबानी आदि हुन्। घरका अग्रजले जे जस्तो व्यवहार गरेका हुन्छन्, त्यही व्यवहार बच्चाले सिक्ने हो। विद्यालय जानुअघिका सिक्ने कुरा घरबाटै हुन्छ। बिस्तारै विद्यालय जान थालेपछि केही नौलो अनुभूति गर्न थाल्छ। त्यहाँ उसको व्यवहार निर्माणको स्रोतका रूपमा साथीहरू र शिक्षकहरू थपिन पुग्छन्। बिस्तारै सिक्ने दायरा फराकिलो बन्दै जान्छ। त्यहाँ उसले आफूलाई मनपर्ने साथी रोज्न थाल्छ, आफूलाई राम्रोसँग पढाउन सिकाउने शिक्षकशिक्षिकाप्रति आकर्षित हुँदै जान्छ। अनि तीमध्येकालाई नमुनाको रूपमा लिन्छ र उनीहरूले भनेका कुरा उसका लागि अकाट्य बन्दै जान्छ।

बालबालिकालाई आफ्नो घर र स्कुलका साथै छिमेकी, वरपरको वातावरण, विभिन्न मिडिया र आफूले पढ्ने शैक्षिक सामग्री आदिको अध्ययन गर्दै जाँदा उसले सिक्ने र नक्कल गर्ने बानी पनि बढ्दै जाने हुन्छ। बालबालिकाले आफ्नो परिवेशमा देखेका राम्रा नराम्रा जे जति पनि विषयवस्तु छन् तिनलाई उनीहरूले आफ्नो व्यवहारमा उतार्ने प्रयत्न गर्छ। यो अवस्थासम्म पनि ती बालबालिका के ठिक र के बेठिक राम्रोसँग छुट्याउन सक्ने क्षमता विकास भइसकेको हुँदैन। यो अवस्थामा तिनलाई उचित सल्लाह र परामर्शको खाँचो पर्छ। तिनलाई समयमै राम्रो मार्ग दर्शन दिन सकिएन भने तिनको व्यवहारमा नकारात्मक सोचको विकास पनि हुन सक्छ।

शिक्षालाई चेतनाको माध्यम मानेर पढाएर वा घोकाएर मात्र नैतिकवान् वा चरित्रवान् बनाउन सकिँदैन। यदि घरपरिवार, विद्यालय र समाज नैतिकवान् भए भने बालक पनि चरित्रवान् र नैतिकवान् बन्न सक्छ। हरेक बालकले आफ्ना अग्रज र नजिकका आफन्तबाट राम्रा र नराम्रा कुरा सिक्ने हुन्। हुन त शिक्षा प्रणालीले ज्ञान र प्राविधिक सिप हासिल गर्ने कुरामा जोड दिन्छ। परिणामतः बालबालिकाले आफ्नो जीवनका उर्वर समय यसैका लागि बिताउँछ। त्यसतर्फ मात्र बालबालिकाले आफू समर्थ हुँदै जाँदा भोग्नुपर्ने दुनियाँमा प्रवेश गर्छन् र त्यहाँ आफ्नो प्रविधि र विचार भएका अनेक व्यक्तिसँग प्रतिस्पर्धा गर्दै अगाडि बढ्दै जानुपर्ने हुन्छ। समयमा सिक्नुपर्ने कुरा सिकाएका छैनन् भने भविष्य निराशाजनक बन्न पुग्छ।

शिक्षाकै कारण हरेक बालबालिकाले आफ्नो विवेक प्रयोग गरी सिप सिक्ने र सृजनशीलतातर्फ उन्मुख हुने हुन्छन्। अनि तिनका कार्य र कारणमा आधारित भई दैनिक जीवनका व्यावहारिक र सैद्धान्तिक क्रियाकलापलाई विश्लेषण गर्न सक्ने क्षमता विकास हुन्छ। बिनासिकाइ भने केही गर्न सक्दैनन्। यदि बालबालिकामा सिक्ने इच्छा शक्ति नै छैन भने कसरी सिक्छन्? सिकाइबिनाको शिक्षा कुनै अर्थ हुँदैन। विद्यालयमा पठनपाठन गरिने विषयवस्तु सिक्न बालबालिका इच्छुक हुनु पर्‍यो। अर्कातर्फ शिक्षकमा बालबालिकाको मनोसामाजिक रुचि अनुसार सिकाउने नयाँ नयाँ प्रविधि र विधिको प्रयोग गर्न सक्ने क्षमता हुनु पर्‍यो अनि मात्र बालबालिकाको रुचि र आवश्यकता अनुसारको सिकाइ हुन सक्छ।

आजको समाज अत्यन्त जटिल बन्दै गएको छ। यहाँ प्रतिसेकेन्ड ज्ञानको विस्फोट भइरहेको छ। यस्तो परिस्थितिमा सिकाइको तौरतरिका हिजोको जस्तो हुनुभएन।

हरेक विषयमा सोचाइ, गराइ, बुझाइको तरिका फरक हुँदै आएको छ। प्राचीन ग्रिक सभ्यताका शिक्षक र दार्शनिकले वाक् कलालाई सम्पत्ति जुटाउने कलाका रूपमा लिएका थिए भने अहिले वक्तृत्व कला भन्ने चलन छ। सन् १७०० सम्म पनि यो कला शिक्षा पद्धतिको ठुलो आधार मानिन्थ्यो। पश्चिम युरोपभर १२ वर्ष उमेरदेखि विद्यार्थीलाई तर्कशास्त्र सामाजिक व्यवहार, आलोचनात्मक चिन्तन र वाक्कला जस्ता जीवनोपयोगी सिपहरू १४ तहको पाठ्यक्रममार्फत सिकाइन्थ्यो। त्यतिबेला पनि परी कथा र लघुकथाको सस्वर वाचन र त्यसपछिको छलफलबाट पढाइको अभ्यास सुरु हुन्थ्यो। कुनै विषयवस्तुको पक्ष विपक्षमा सामान्य विचार प्रकट गराइन्थ्यो। कुनै विषयमा लामो बहसहरू पनि सिकाइन्थ्यो।

आधुनिक शिक्षा प्रणालीको आधार भने १७ र १८ औँ शताब्दीको औद्योगिक क्रान्तिपछिको हो। यस शिक्षा प्रणालीले ज्ञान र प्रविधि सिप हासिल गर्नुलाई बढी महत्व दिँदै आयो। करिब दुई हजार वर्षदेखिको वाक् कलाको प्रचलन नै हामीलाई कुराकानी गर्न तर्क गर्न झगडा गर्न र सहमतिमा पुग्न सिकाएको कुरा जोन बोबीले बताएका छन्। नेपालको सन्दर्भमा भन्नु पर्दा हाम्रो विद्यालय शिक्षा प्रश्नको घेराभित्र छ। विसं १९१० मा दरबार स्कुलको स्थापनासँगै औपचारिक शिक्षा सुरुवात जहानियाँ राणाशासनकालमा जङ्गबहादुरबाट सुरुवात भएको थियो। त्यहाँ केवल राणा परिवारका सन्तान र भारदारका बालबालिकाले पढ्न पाउने व्यवस्था थियो। सर्वसाधारण त्यहाँ पढ्न पाउँदैन थिए। २००७ सालको क्रान्तिपछि शिक्षाको लहर बढ्दै आयो। देशका कुनाकाप्चासम्म विद्यालय क्रमशः खुल्दै आए। २०१५ सालपछि बिपी कोइराला नेतृत्वको सरकारले शिक्षा विस्तारमा तिब्र गति दियो।

तत्कालीन राजा महेन्द्रले प्रजातान्त्रिक सरकारलाई विघटन गरेपछि २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागु भयो। यसबिचमा पनि शिक्षा सुधारका नाममा अनेक आयोग र समितिमार्फत सुझाव लिने क्रमले निरन्तरता पाइरह्यो। २०४६ सालको जनआन्दोलनपछि प्रजातान्त्रिक सरकारको स्थापना भयो। यो सरकारले पनि शिक्षा सुधारका लागि राष्ट्रिय शिक्षा सुझाव आयोग गठन गरी शिक्षामा सुधारका फड्को मार्दै आयो। यसैबिच माओवादी हिंसात्मक विद्रोहले विकासमा प्रतिकूल प्रभाव पार्दै आयो। उक्त विद्रोह २०६३ सालमा अन्त्य भई शान्ति मार्ग अवलम्बनपछि शैक्षिक सुधारका लागि अनेकन सुझाव आयोग गठन भए। तदनुरूपका प्रतिवेदन, ऐन, नीति बने तथा त्यहाँ सुधार र संशोधनका काम पनि भए तर शिक्षामा व्यावहारिक सुधार भने हुन सकेन। अझै थुप्रै गुनासा र असन्तुष्टि चुलिँदै छन्। संघीयता अनुकूलको शिक्षा ऐन अझै बन्न सकेनन्।

शिक्षा क्षेत्रमा सिर्जित समस्या र विसङ्गतिलाई समाधान गरेर शिक्षण पेसालाई आकर्षक र मर्यादित बनाउन सकिरहेको छैन। शिक्षकहरू पनि आफूसँग भएको ज्ञान, सिप र अनुभवलाई विद्यार्थीमाझ बाँड्न नसकेका गुनासा आइरहेका छन्। आफूले पढाएका हरेक विद्यार्थी राष्ट्रका असल नागरिक होऊन् भन्ने धारणा शिक्षकमा हुनु जरुरी छ। शिक्षकले आफ्नो पेसाको गर्व गर्न जान्नु पर्छ। उसले जीवनमा पठन पाठनबाहेक अरू कामको अल्झोमा अल्झिनु हुँदैन। अहिले कतिपयले एउटा पेसामा लाग्ने अर्को क्षेत्रमा दौडने र आफ्नो पेसाको मर्यादा नराख्ने खालका पनि छन्। शिक्षकले विद्यालयमा विद्यार्थीलाई पढाउने, गृहकार्य गराउने, गृहकार्य परीक्षण गर्ने, भविष्यको बाटो देखाउने आदि काममा आफूलाई व्यस्त गराउने हुनु पर्छ। पाठ्य पुस्तकमा मात्र सीमित नरही नयाँ नयाँ विषयको जानकारीका लागि नयाँ नयाँ पुस्तक खोजी गरी पढ्ने बानी बसाल्नु जरुरी छ। विषय अनुसारका सिर्जनशीलता विकास गराइनु पर्छ। कक्षा कोठामा विद्यार्थीले नबुझेका कुरा बुझाउने दायित्व शिक्षकको नै हुन्छ। कक्षाकोठामा देखा परेका समस्या सुल्झाउने काम विद्यार्थीलाई सम्झाइबुझाइ सही बाटोमा ल्याई कक्षा कोठालाई स्वस्थ र रमाइलो बनाउनु पर्छ।

हुन त हाम्रा विद्यालयले विद्यार्थीलाई सिकाउने नयाँ सोच विचार दिई तिनलाई समुचित वातावरण दिनुभन्दा नियन्त्रण र औपचारिकतामा ढाल्ने काममा मात्र बल गरेका देखिन्छ। राम्रो भनी नाम कमाएका विद्यालयसमेत अनुशासित र नियन्त्रित वातावरण राखी अंग्रेजी भाषामा थोर बहुत बोल्न सिकाएर अभिभावकबाट रकम असुल्न खप्पिस देखिँदै आएका छन्। अर्कातर्फ अभिभावक पनि आफ्ना बालबालिका अनुशासित र अंग्रेजी सिकाउने विद्यालयका नाममा जति पनि शुल्क तिर्न तयार छन। यस्ता कतिपय निजी विद्यालयले मजाले अभिभावकबाट थुप्रै शुल्क असुल्न पछाडि परिरहेका छैनन्।

# स्थानीय तहमा बजेट निर्माण विधि



• भुदेव झा

सीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने संवैधानिक व्यवस्था छ। नेपालको राज्यशक्तिको प्रयोग यिनै तीन तहले संविधान तथा कानुनबमोजिम गर्ने प्रावधान छ। संविधानको अनुसूची-८ र ९ मा उल्लिखित विषय क्रमशः स्थानीय तहको एकल अधिकार तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसार राज्यशक्तिको बाँडफाँट गरिएको छ। तिनै तहका सरकारलाई राजस्व स्रोतको बाँडफाँट र आर्थिक अधिकारको प्रयोगलाई संवैधानिक अधिकारका रूपमा मान्यता दिइएको छ।

संविधानको धारा ५९(१) मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था छ।

साथै धारा ५९(३) मा संघ, प्रदेश र स्थानीय तहले आआफ्नो तहको बजेट बनाउने तथा प्रदेश र स्थानीय तहले बजेट पेस गर्ने समय संघीय कानुनबमोजिम हुने प्रावधान अनुसार अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(३) मा गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगर सभामा पेस गर्नुपर्ने कानुनी व्यवस्था छ। यसरी सभामा पेस गरिने राजस्व र व्ययको अनुमान सोही ऐनको दफा ३८ मा नेपाल सरकारले आवश्यक मापदण्ड बनाई लागु गर्ने उल्लेख गरिएको छ। यसका लागि राष्ट्रिय योजना आयोगले स्थानीय तहको आवधिक योजना, मध्यकालीन खर्च संरचना, वार्षिक बजेट तथा कार्यक्रम र आयोजना बैङ्क तर्जुमासँग सम्बन्धित विषय समावेश गरी 'स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५' जारी गरेको थियो।

संघीय शासनव्यवस्थाको छोटो समयको अभ्यासबाट स्थानीय तहको योजना पद्धतिमा देखिएका व्यावहारिक कठिनाइ र हासिल भएका सिकाइका आधारमा उक्त दिग्दर्शनलाई समयसापेक्ष परिमार्जन गर्न आवश्यक देखिएकाले राष्ट्रिय योजना आयोगको नेतृत्वमा 'स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८' तयार गरी लागु गरिएको छ।

यसले स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रमसहित समग्र योजना प्रणालीलाई वस्तुगत, वैज्ञानिक एवं व्यावहारिक बनाउनुका साथै तिनै तहका योजनाबिचको अन्तरसम्बन्धलाई थप सुदृढ बनाउन मार्गदर्शन गरेको छ। सहभागितामूलक बजेट तर्जुमा प्रक्रिया चरणबद्ध गर्नुपर्ने र सोको लागि संविधान र कानुनले व्यवस्था गरेको विभिन्न संस्थागत संयन्त्रको कमजोर कार्यान्वयन अवस्थाले स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया प्रभावकारी देखिएको छैन।

स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्य मङ्सिर मसान्तबाट बजेटको पूर्वतयारी सुरु गरी सभाबाट बजेट तथा कार्यक्रम स्वीकृतिपश्चात् बजेट पुस्तिका तयारी र छपाइ गर्ने कार्य साउन १५ भित्र सक्नुपर्ने माइलस्टोन निर्धारित छ। संविधान र कानुनले व्यवस्था गरेका विभिन्न संस्थागत संयन्त्रले निर्धारित कार्यविधिगत प्रक्रिया चरणबद्ध रूपमा पूरा गर्न सकेमा मात्र स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया प्रभावकारी बनाउन सकिन्छ। बजेट निर्माणका संस्थागत संयन्त्र र कार्यविधिगत प्रक्रिया देहाय अनुसार रहेका छन्।

स्थानीय राजस्व परमार्श समिति : नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्य प्रचलित कानुनको अधीनमा रही स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्र परिचालन गर्न सक्ने राजस्वका स्रोत, दायरा र दरसमेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनका लागि उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा एक स्थानीय राजस्व परामर्श समिति गठन हुने प्रावधान छ। यो समितिले राजस्व प्रक्षेपण गरी प्रत्येक वर्षको पुस १५ भित्र सम्बन्धित तहको कार्यपालिका बैठकमा पेस गरी सक्नुपर्ने हुन्छ।

बजेट सीमा निर्धारण समिति : गाउँपालिका/नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने आय, अनुदान, ऋृण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सीमा निर्धारण गर्न अध्यक्ष वा प्रमुखको संयोजकत्वमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन हुने व्यवस्था छ। समितिले आफ्नो कार्य प्रत्येक आर्थिक वर्षको वैशाख १० भित्र सम्पन्न गरिसक्नुपर्ने हुन्छ। यसका लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट सीमा र मार्गदर्शन फागुन मसान्तभित्र र प्रदेश सरकारबाट प्राप्त हुने बजेट सीमा र मार्गदर्शन चैत मसान्तभित्र प्राप्त हुनु पर्छ।

स्थानीय तह क्षेत्रभित्र कार्यरत अन्तर र्‍ाष्ट्रिय/गैरसरकारी संस्था, उपभोक्ता समिति, सहकारी, अन्य सामाजिक तथा सामुदायिक संघ संस्थाबाट आगामी आवमा सञ्चालन गर्न प्रस्ताव गरेका आयोजना तथा कार्यक्रम निर्धारित ढाँचामा जेठ १० भित्र कार्यपालिकामा पेस गर्नुपर्ने प्रावधान छ।

वडा समिति : गाउँपालिका/नगरपालिकामा रहने प्रत्येक वडामा वडाध्यक्ष र चार जना सदस्य रहेको वडा समिति रहने र समितिले वडाको दैनिक कार्य सञ्चालन, नियमन, नियन्त्रण, योजना तर्जुमा, प्राथमिकता निर्धारण, कार्यान्वयन र अनुगमन गर्ने कार्य गर्छ। वडाभित्र बस्ती/टोलस्तरबाट छनोट भएका आयोजना तथा कार्यक्रम उपलब्ध बजेट सीमा र प्राथमिकताका आधारमा आयोजना तथा कार्यक्रमको विवरण कार्यपालिकामार्फत बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गर्नुपर्ने हुन्छ।

विषयगत समिति : स्थानीय तहको कार्यपालिकाले विषयगत महाशाखा/शाखाबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस भएका आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रगत रूपमा छलफल, विश्लेषण र प्राथमिकता निर्धारण गर्न विषयगत क्षेत्र हेर्ने कार्यपालिकाले तोकेको कार्यपालिकाको सदस्य संयोजक रहने गरी आर्थिक विकास, सामाजिक विषय, पूर्वाधार विकास, वातावरण तथा विपत् व्यवस्थापन, संस्थागत विकास र सुशासन गरी छुट्टाछुट्टै समिति गठन गर्नु पर्छ। विषयगत समितिले मूलतः सम्बन्धित विषय क्षेत्रभित्र पर्ने उपक्षेत्रबिच आयोजना तथा कार्यक्रमको दोहोरोपना हटाउने, सामञ्जस्यता र बजेटको सन्तुलन कायम गर्ने, कार्यक्रमको प्राथमिकता, पुनः प्राथमिकता निर्धारण गर्नुपर्ने हुन्छ।

बजेट तथा कार्यक्रम तर्जुमा समिति : स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट निर्धारण भएको राजस्वको प्रक्षेपण, वितरणको खाका र बजेट सीमामा आधारित भई स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नु पर्छ। विनियोजन विधेयकको मसौदासहित वार्षिक बजेट तथा कार्यक्रमसँग सम्बन्धित दस्ताबेजलाई एकीकृत गरी वार्षिक बजेट तथा कार्यक्रमको मसौदा तयार गरी असार ५ भित्र अध्यक्ष वा प्रमुखमार्फत समितिले कार्यपालिकामा पेस गर्नु पर्छ। बजेट वक्तव्य, आर्थिक एवं विनियोजन विधेयक, राजस्व, व्यय र वित्तीय व्यवस्थाको अनुमान र वार्षिक विकास कार्यक्रमको एकीकृत प्रस्ताव कार्यपालिकाबाट स्वीकृति गरी असार १० भित्र गाउँ/नगर सभामा पेस गर्नुपर्ने कानुनी व्यवस्था छ।

वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका चरण : संविधान तथा कानुनले स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमासम्बन्धी गरेका व्यवस्थालाई एकीकृत गरी स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियाका सात (७) चरण र २४ क्रियाकलापमा वर्गीकरण गरी तय गरिएको छ। मङ्सिर मसान्तबाट बजेटको पूर्वतयारी सुरु गरी सभाबाट बजेट तथा कार्यक्रम स्वीकृतिपश्चात् बजेटपुस्तिका तयारी र छपाइ गर्ने कार्य साउन १५ भित्र सक्नुपर्ने माइलस्टोन निर्धारित छ।

स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार हो। संविधानले स्थानीय सरकारलाई विकास र समृद्धिको प्रमुख वाहकका रूपमा कल्पना गरेको छ। विकास र समृद्धि हासिल गर्नका लागि वार्षिक बजेट तथा कार्यक्रम प्रक्रिया व्यवस्थित र प्रभावकारी हुनु पर्छ। स्थानीय तहले अनुत्पादक क्षेत्रमा गरेको लगानी निरुत्साहितदेखि सेवा प्रवाहमा सहजता, सरलता र डिजिटलाइजसम्म, दिगो विकास एवं अन्तर्राष्ट्रिय मापदण्डको अवधारणा अनुरूप पूर्वाधार विकासमा कार्यविधि बनाई सञ्चालन र व्यवस्थापन गर्न जरुरी छ।

पर्यटकीय स्थलको पहिचानदेखि जलाधार संरक्षणसम्म, प्राकृतिक स्रोतको संरक्षणदेखि आपत्कालीन र विपत् व्यवस्थापनसम्म, स्वच्छ खानेपानीको व्यवस्थापनदेखि सरसफाइसम्म, लघु तथा घरेलु उद्योग सञ्चालनदेखि स्थानीयस्तरमा रोजगारीसम्म एकदमै व्यावहारिकताका हिसाबले ससाना विषय ख्याल गर्दै जान आवश्यक छ। यसका लागि वार्षिक योजना तथा बजेट निर्माण प्रक्रियामा सहशासनलाई सार्थक तुल्याउन सम्पूर्ण सरोकारवालाको प्रतिनिधित्वलाई अनिवार्य र बाध्यकारी बनाउन आवश्यक भइसकेको छ।

त्यस्तै स्थानीय तहमा असल कार्यसंस्कृति निर्माण गरी वित्तीय सुशासन कायम गर्नु पर्छ। स्थानीय तहको बजेट निर्माण प्रक्रियामा देखिएका समस्यालाई मौजुदा संवैधानिक, नीतिगत तथा कानुनी व्यवस्था र मापदण्डलाई अनुसरण गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियालाई पारदर्शी र प्रतिनिधिमूलक बनाउन जरुरी छ। सहभागितामूलक वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियालाई वस्तुगत एवं वैज्ञानिक बनाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पक्षलाई समेत आत्मसात् गरी स्थानीय तहको अवस्था, आवश्यकता एवं सम्भावनाका आधारमा वार्षिक बजेट तथा कार्यक्रममार्फत सक्षम, सबल र समृद्ध स्थानीय सरकार निर्माण गर्नमा सबै सरोकारवाला गम्भीर हुन आवश्यक छ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# तमु ल्होसार : बेलीबिस्तार



• श्यामबहादुर गुरुङ

तमु ल्होसार गुरुङ जातिको मुख्य मौलिक पर्व हो। तमु ल्होसार प्रत्येक वर्ष निश्चित दिन पुष १५ गतेका दिन मनाइने परम्परा छ। पुष १४ गते सवैभन्दा लामो रात र छोटो दिन हुने र पुष १५ गतेदेखि क्रमिक रुपमा विस्तारै रात छोटिने र दिन लम्बिने मान्यता छ।

बहुजाति, बहुभाषाभाषी, बहुधार्मिक, संस्कार, संस्कृति तथा रीतिथितिको विविधता भएको हाम्रो समाजमा आपसी सद्भाव मजबुत बनाइराख्न गुरुङ समुदायले मनाउने तमु ल्होसारले मद्धत पुगोस् भन्ने मूल आशय रहेको छ। वर्ष गणना गर्ने विक्रम संवत् प्रचलनमा आउनुभन्दा अगाडि गुरुङ जातिका पूर्वजहरुद्वारा प्रत्येक एक वर्षलाई एउटा पशु वा पंछीको नाम दिएर वर्ष गणना गर्ने परम्परालाई ल्हो वा वर्ग भनिन्छ। गुरुङ जातिको बहुल बसोबास भएको विशेषतः गण्डकी प्रदेशका ठाउँहरुमा ल्होको प्रयोग तथा उमेर गिन्ती गर्ने परम्परागत पद्धति अझै पनि यथावत् छ। प्रत्येक एक वर्षको एउटा पशु वा पंछीको नाम दिइएको वाह्र वर्षपछि पुनः दोहोरिने ल्हो वा वर्ग लगभग ज्यातिषीय राशी जस्तै चक्रीय प्रणाली हुने हुन्छ।

**ल्हो (वर्ग) सँग अतीतका कुराहरु :**

ल्हो को अर्थ वर्ष वा वर्ग हुन्छ भने सार भनेको नयाँ अथवा ल्होसार वा नयाँवर्ष भन्ने अर्थ हुन्छ। ल्हो शब्द तिब्बती भाषाको लो-ग्सर शब्दलाई तमु भाषामा ल्होछार उच्चारित शब्द भएको तमु भाषाविद्हरुको भनाइ छ। यद्यपि, समाजमा चलनचल्तीको भाषामा भने ल्होसार शब्द नै प्रचलित शब्द हो। गुरुङहरुले मनाउँदै आइरहेको तमु ल्होसार तिब्बती तोल ल्होसारको विकसित रुप हो। तमु भाषा र तिब्बती भाषा आपसमा अन्तर सम्बन्ध रहेको भाषविज्ञहरुको प्रसङ्ग यहाँ जोड्नु पनि सान्दर्भिक हुनेछ। गुरुङ, तामाङ, थकाली तथा तिब्बती भाषा अन्तर सम्बन्धित सहोदर भाषा भएको मानिन्छ। ती भाषाहरुमा केही कुराहरु नप्रष्टिएमा आपसमा संवाद गरेर सुल्झाउन सकिन्छ। यदि, त्यति गर्दा पनि भएन भने तिब्बती भाषा भिडाएर निर्क्योल निकाल्न सकिन्छ। यी सबै भाषाहरुको माउ भाषा तिब्बती भाषा हो। (डा. जगमान गुरुङ)

ल्हो पद्धतिको उत्पत्ति मंगोलियाको तुर्किस्तानमा भएको हो। त्यसपछि चीनमा विकास भएर विश्वका अन्य मुलुकहरु विशेषतः एशिया महाद्वीपका मुलुकहरुमा फैलिएको हो। आजको युग भौतिक सुविधाले सम्पन्न युगमा समेत ती मुलुकहरुमा ल्हो पद्धति आफ्नो समुदाय तथा घरपरिवारको आन्तरिक संस्कार तथा संस्कृतिमा अपनाइन्छ। जस्तै छिमेकी देश चीनमा फागुन महिनाभित्र यसवर्ष सप्री वा सर्प वर्ष ९क्लबपभ थ्भबच० नयाँवर्ष मनाइन्छ। सर्पभन्दा अघिल्लो वर्षमा गरुड वर्ष वा भ्बनभि थ्भबच मनाए। एवम् प्रकारले अरु एशियन देशहरुले पनि आ-आफ्नो भाषा र परम्परा अनुसार यसवर्ष सर्प वर्ष मनाउने गर्दछ।




**तमुहरुको पूर्वजहरुसँग जोडिएका केही पक्षहरु**

एकै ठाउँमा लामो समयसम्म नबस्ने र ठाउँ सर्दै हिडिरहने अस्थायी प्रकृतिको फिरन्ते युगमा तमुहरुका पूर्वजहरुले तिब्बती भूभागमा निकै लामो समय बिताएको ऐतिहासिक मान्यता छ। तत्कालीन समयका मानिसहरु प्रकृतिको नियम र पशुपंछीको आनीबानीसँग अति नजिकबाट परिचित थिए। प्रकृति र आफ्नो पूर्वजहरुलाई सर्वोपरि ईश्वर मानेर पूजा गर्ने गर्दथे। ईश्वरलाई खुशी पार्न पशुको बलि चढाइने पशुबलि पूजा गरिन्थ्यो। जीवनयापनको क्रममा घटित घटनाहरुलाई प्रकृतिको नियमसँग जोडेर बुझ्ने विश्वास गरिने थियो। जन्मदेखि मृत्युपर्यन्त संस्कारित हुनुपर्ने संस्कार तथा कर्मसँग जोडिएका पूर्वजहरुको पौराणिक गाथा तथा वृतान्तहरुलाई मौखिक रुपमा फलाकेर वा बखानेर सम्पन्न गर्ने प्रथा थियो। वर्तमान समयमा बहुसंख्यक तमु गुरुङहरुद्वारा अँगालिएका महायान-बज्रयान बौद्धधर्म कर्मकाण्डमा ती पुरातन संस्कार हरुको समिश्रण देख्न सकिन्छ। त्यसपछिका कालखण्डमा दक्षिणतर्फ अन्नपूर्ण हिमालको आसपास हिमपास तथा हिमदर्राहरु छिचोल्दै गण्डकी क्षेत्रमा आएर स्थायी रुपमा बस्ती बसालेको इतिहास छ। क्होला सोथरमा (हालको क्होला सोथर गाउँपालिका) बस्ती बसाएपछि जन्मदेखि मृत्युपर्यन्त सम्पन्न गरिने कर्महरु व्यवस्थित बनाइएको पाइन्छ।

**गुरुङ (तमु) समुदायमा ल्हो पद्धति**

गुरुङहरुलाई (तमु) भनिनुको अर्थ फलामको हतियार तथा बन्चरो धारण गर्ने लडाका जाति भनेर बुझिन्छ। गुरुङ जातिमा ल्हो पद्धतिको धेरै महत्व रहेको हुन्छ। ल्हो अनुसार मानिसको स्वभाव, वैवाहिक सम्बन्ध तथा उमेर गणना गर्ने एक पद्धति हो। बाह्रवटा पशुपंछीहरु मुसा, गाई, बाघ, बिरालो, गरुड, सप्री, घोडा, भेडा, बाँदर, चरा, कुकुर र मृग हुन्छ। बाघ वर्गकासँग गाई, घोडा, भेडा, कुकुर र मृग वर्ग वैवाहिक सम्बन्ध अफापसिद्ध हुने मान्यता छ। त्यस्तै गरुड वर्गकासँग सर्प वर्ग अफापसिद्ध हुने मान्यता छ।

ल्हो चक्र

यस २०८१ पुस १४ गतेसम्म गरुढ वर्ष र पुस १५ गते ल्होसारको दिनदेखि नया वर्ष सप्री (सर्प) वर्ष हुनेछ।

यसै प्रसङ्गमा सान्दर्भिक हुने अर्को तथ्य जस्तै :- यस वर्ष २०८१ साल पुष १५ गतेबाट सप्री (सर्प) ल्हो नयाँ वर्ष प्रारम्भ हुन्छ। उक्त दिन १५ गते तमु ल्होसारका दिनदेखि आउँदो ०८२ पुष १४ गतेभित्र जन्मिएका गुरुङ परिवारका नानीहरु सप्री वर्गका हुनेछन्।

हालका दिनहरुमा नेपालमा तीन प्रकारको ल्होसार मनाइन्छ। माघ महिनामा तामाङ समुदायले सोनम ल्होसार र फागुनमा शेर्पा समुदायले मनाउने ग्याल्पो ल्होसार हो।

**ल्होसार यसरी मनाइन्छ।**

समाजलाई अगुवाई गर्ने वा स्वस्फूर्त आ-आफ्नो ठाउँमा उपलब्ध सामग्रीलाई प्रयोग गर्दै घरघरमा र सामूहिक रुपमा मनाइने गरिन्छ। आजकल सामूहिक रुपमा मनाइने ल्होसारको व्यापकता छ। घरघरमा आ-आफ्नो कुल देवतालाई पूजा गर्ने गरिन्छ। आफ्नो स्थानीय सिमे-भूमे (सिल्दो-नाल्दो) पूजा गर्ने परम्परा छ। उक्त पूजा गर्दा सम्भव भए खेगीहरु वा जानकार हरुको सहयोगमा गर्ने गर्दछ। पूजामा बेसार मलेर चढाएको डोरो पुरुष र महिलालाई नौ सरो र सात सरो (रिपा) लगाई दिने, आशीर्वाद दिने, जेठोपाकाहरुलाई सम्मान वा ढोग गर्ने परम्परा छ। देउसी-भैलो खेलेर सङ्कलन गरिएको खाद्य सामग्री तथा रकमबाट स्यों कैं (सहभोज) खाएर रमाइलो गर्ने, नाचगान गर्ने, घरघरमा छोरीचेली भेटघाट तथा मेजमानी खाने वा खुवाइने चलन छ।

**हालका दिनहरुमा मनाइने ल्होसार**

पुष १४ गतेसम्म कुनै खेलहरु संचालन गरि फाइनल खेल खेलाउने गरिन्छ र पुष १५ गतेका दिन पुरस्कार वितरण गर्ने गरिन्छ। आ-आफ्नो अनुकूलअनुसार मण्डप तयार गरिन्छ। विदाई गरिने ल्होको फोटो वा आकारलाई बाइबाइ र नयाँ ल्हो वा वर्गलाई स्वागत गरिने प्रकृतिको स्टेज बनाएर विद्युत बत्ती वा अनुकूल अनुसार राति १२ बजे व्यानर वा बोर्डमा लाइट शो गराउने चलन पनि छ।

आ-आफ्नो पायक पर्ने ठाउँहरुबाट एकत्रित भई राति १२ बजेसम्म मनोरञ्जन गर्ने अनि १२ बजेपछि पुरानो ल्होलाई विदाई नयाँ वर्ष/ल्होलाई स्वागत गर्ने प्रकृतिको नाचगान गर्दै जयजयकार गर्दै १४ गतेलाई समापन गरिन्छ। दोस्रो दिन १५ गते बिहान आ-आफ्नो धार्मिक स्थलमा जम्मा भई पूजा गर्ने ल्होसार झल्काउने कार्यक्रमहरु गर्ने, सम्मान तथा प्रशंसा-पत्रहरु प्रदान गर्ने, पुरस्कार वितरण गर्ने तथा साँस्कृतिक कार्यक्रम गर्ने गरिन्छ। आ-आफ्नो अनुकूल अनुसारको ल्होसार अघिल्लो दिन र १५ गते बेलुकी घरघरमा दीप प्रज्वलन गर्ने गरिन्छ। आफ्नो सुविधा र उपलब्ध अनुसार स्यों कैं खाएर मनाइने चलन व्यापक छ।

# मेचीनगरका किसानको पशु चौपायालाई निःशुल्क खोप



• लक्ष्मी उप्रेती

मेचीनगर। जाडो मौसम शुरुवातसँगै पशु चौपायामा संक्रमण देखा पर्न थालेपछि मेचीनगर नगरपालिकाले महामारीजन्य रोग नियन्त्रणका लागि खोप कार्यक्रम सञ्चालन गरेको छ। भेटेरिनरी अस्पताल तथा पशु स्वास्थ्य विज्ञ केन्द्र भद्रपुरसँगको सहकार्यमा नगरका १५ वटै वडामा खोप कार्यक्रम सञ्चालन गरिएको हो। मेचीनगर नगरपालिकाको पशु सेवा शाखाका अनुसार पशुमा लाग्ने महामारीजन्य रोग नियन्त्रणका लागि हाललाई एफएमडीविरुद्ध खोप कार्यक्रमअन्तर्गत चालु आर्थिक वर्ष २०८१/०८२ को पहिलो पाँच महिनामा १५ हजार डोज खोप लगाइने भएको छ।

साथै शाखाको ल्याबमार्फत आन्तरिक परजीवी पहिचानका लागि ३ सय २९ वटा गाईभैसी तथा बाख्राहरुमा गोबर परीक्षण गरी निःशुल्क औषधि वितरण गरिएको पशु सेवा शाखाका प्रमुख छत्रबहादुर राईले जानकारी दिए। उनका अनुसार सोही अवधिमा ३ सय ८५ वटा बोका निःशुल्क बन्ध्याकरण गरी सेवा दिइएको छ। नश्ल सुधार कार्यक्रमअन्तर्गत गाई तथा भैसीमा उन्नत नश्लको बीउबाट कृत्रिम गर्भाधान गरी दुध उत्पादनमा सुधार ल्याउनका लागि साउनदेखि मंसिरसम्म १ हजार ३६ वटा गाई तथा १ सय ४० वटा भैसीगरी कुल १ हजार ७ सय ७६ वटा पशुमा कृत्रिम गर्भाधान सेवा पुऱ्याएको राईले जानकारी दिए। यसबाट १ हजार २ सय ९८ जना पशुपालक कृषकहरु लाभान्वित भएका थिए।

रेबिज खोपविरुद्ध खोप व्यवस्थापन गरेर सामुदायिक तथा घरपालुवा कुकुरहरुलाई २ सय ३४ डोज खोप लगाइएको छ। त्यस्तै रेबिज सप्ताहमा नगरका सवै वडामा विविध कार्यक्रम गरी ३ सय ६८ वटा कुकुर, बिरालोलाई निःशुल्क खोप लगाइएको शाखाले जनाएको छ। ५० प्रतिशत अनुदानमा जै घास बीउ वितरण, सवै वडाहरुमा पशु प्राविधिकमार्फत परामर्श सेवा प्रवाह भइरहेको, मासिकरुपमा विज्ञ केन्द्र भद्रपुर, प्रदेश तथा संघमा कृत्रिम गर्भाधान तथा इपिडोमियोलोजिकल रिपोर्ट तथा फ्ल्यास रिपोर्ट सम्प्रेषण गरिरहेको शाखाले जनाएको छ। सन् २०३० सम्ममा खोरेतमुक्त मुलुक घोषणा गर्ने उद्धेश्यसहित राष्ट्रिय पशु रोग खोप कार्यक्रम सञ्चालन भइरहेको बताइएको छ। 'खोरेत रोगग्रस्त पशुहरुको उपचार र रोग देखापरेका ठाउँको आसपासमा रोग फैलन सक्ने सम्भाव्य क्षेत्रमा खोरेतविरुद्धको एफएमडी खोप लगाउन सुरु गरेका छौं,' शाखा प्रमुख राईले भने,'अहिलेसम्म १५ हजार पशुवस्तुलाई खोप दिइएको छ। यो क्रम पुरै क्षेत्रमा सम्पन्न नहुँदासम्म प्राविधिकहरु खटिरहन्छन्।'

# मन्दिर दर्शन गर्न जाँदा घलेले गुमाए ज्यान

झापा(प्रस)। भोजपुरको ट्याम्केमयुम मन्दिर सपरिवार दर्शन गर्न जाने क्रममा झापा गौरादह -७ जामवारी बस्ने भूतपूर्व सैनिक ६६ वर्षीय झंकबहादुर घलेले ज्यान गुमाउनु पर्यो।

बिहीवार बिहान ७:३० बजे भोजपुर नगरपालिका-५ स्थित बोखिमबाट ट्याम्केमयुम मन्दिर दर्शन गर्न जाने क्रममा नेपाली सेनाका भूतपूर्व जम्दार घले परिवारसहित चढेको प्र. १-०२-००२ च.६९२३ नम्बरको स्कोरपियो गाडी अनियन्त्रित भई सडकदेखि करिब २०० मिटर तल खस्न गई दुर्घटना भएको थियो। टाउकोमा चोट लागेका घलेलाई भोजपुरको जिल्ला अस्पताल पुर्याउँदा डाक्टरले मृत घोषणा गरेका थिए। दुर्घटनामा घलेकी श्रीमती ६५ वर्षीया देबीकला घले, घलेकी छोरी सुनसरी धरान - २ बस्ने ३८ वर्षीया ईहा राना सुब्बा, अर्की छोरी इलाम माङसेबुङ -६ बस्ने ३३ वर्षीया मेनुका घले, घलेका ज्वाइँ धरान बस्ने ४२ वर्षीय नवीनकुमार राई, मेनुका घलेका छोरा ३१ महिनाका मिगेल राई, भोजपुर -५ बोखिम बस्ने ३५ वर्षीया लाक्पादिकी शेर्पा, सोही ठाउँ बस्ने ४० वर्षीया जानुका राई, ४१ वर्षीय रामकुमार राई र स्कोरपियो चालक धरान -८ बस्ने ४० वर्षीय सुदिप लिम्बू घाइते भएका छन्। घाइतेमध्ये ईहा राना सुब्बा, लाक्पादिकी शेर्पा र रामकुमार राईलाई थप उपचारको लागि काठमाडौतर्फ लगिएको छ।अन्यको धरानमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

# विल गर्न ढिलाई हुँदा धम्की दिएर राजीनामा दिन लगाइयो –सचिव नेपाल

झापा(प्रस)। हचुमासा सामुदायिक वन उपभोक्ता समूहकी सचिव प्रभा नेपालले काठको विल गर्न केही ढिलाई भएको कुरामा आफूलाई आर्थिक अनियमितताको आरोप लगाएकोमा आपत्ति जनाउँदै धाकधम्की दिएर राजीनामा दिन बाध्य पारिएको बताएकी छन्।

उनले गत असार ३१ गते सबै उपभोक्ताहरुले काठ लगिसकेपछि समितिका सदस्य तथा पदाधिकारीहरुले पनि काठ लैजाने क्रममा आफ्नो भनिएको काठ समितिका उपाध्यक्ष र सदस्यहरुले गाडीमा हाली पठाएको र त्यसबारे कार्यालय समय पछाडी मात्र थाहा भएर लेखा हेर्ने समिति सदस्यको व्यस्तताकां कारण विल गर्न ढिलाइ भएको स्पष्ट पारेकी छन्। उनले सो कुरालाई ठुलो अपराधझै मानी स्थानीय राजनैतिक पार्टीका केही व्यक्तिहरूले कार्यालयमा आई गाली बेइज्जतीपूर्ण भाषामा आफूलाई धाकधम्की दिएर राजीनामा गर्न बाध्य पारिएको विज्ञप्तिमार्फत जानकारी दिएकी छन्। 'मैले कसुर ठहरे सजायको भागी बन्न तयार छु भन्दाभन्दै पनि कार्यालय ताला लगाउने र कार्यालयको सम्पूर्ण काममा अबरोध गर्ने धम्कीपूर्ण शैलीमा प्रस्तुत भई अभद्र व्यवहारले मलाई राजीनामा गर्न बाध्य बनाइयो। र, मैले संस्थाको हित र ममाथि हुन सक्ने आक्रमणको त्रासले राजीनामा दिएकी हुँ' उनले विज्ञप्तिमा भनेकी छन् ,'यसवाट पर्नजाने असरप्रति सम्पूर्ण उपभोक्ता महानुभावप्रति क्षमा याचना गर्दछु।'

अर्जुनधारा- १ स्थित हचुमासा सामुदायिक वन उपभोक्ता समूहमा आर्थिक अनियमितता भएको भन्दै स्थानीय जनप्रतिनिधिहरुले पुष ६ गते समूहको कार्यालयमा तालाबन्दी गरेका थिए। तालाबन्दी भएकै दिन सचिव नेपालले राजीनामा दिएकी थिइन्।गत आर्थिक वर्ष २०८०-०८१ को असार ३१ गते १७ किवी काठ बिक्री भएको थियो। त्यसको रकम भदौ २० गते जम्मा भएको देखिएको छ।

## पत्रकार...

**अबको बाटो**

झापा शाखाको नवीन नेतृत्वका अगाडि कोरोनाको कहर पनि छैन यतिबेला। उडान भर्ने आकाश कञ्चन, सफा र स्निग्ध देखिएको छ। झापा शाखाका अध्यक्ष सफलतापूर्वक एउटा कार्यकाल पूरा गरी शाखाकै दोस्रो कार्यकालको प्रारम्भिक चरणमा हुनुहुन्छ। पछिल्लो पटक प्राप्त उपलब्धिलाई अझ मजबुद र संस्थागत गर्न, धराशायी हुँदै गरेका संचारमाध्यमको जग दर्बिलो बनाउन, आफ्नो जीवनको ऊर्जाशील समयलाई पत्रकारितामै खर्चिएर तलब र सुविधाबाट बन्चित भइरहेका आफ्ना केही सदस्यको मागलाई सम्बोधन गर्न ,सञ्चारका नवीन आयामहरुसँग झापाली पत्रकारहरुलाई जोड्न, क्षमता अभिवृद्धिका प्रशिक्षण सञ्चालन गर्न, उमेर समूहका हिसाबले तीनवटा पुस्ता क्रियाशील रहेको झापाली सञ्चारको आँगनमा सृजनशीलता संरक्षण गर्न नयाँ नेतृत्व उन्मुख बनोस्। निर्वाचनका दौरानमा देखिएको पछिल्लो अभ्यास र परिणामले खडा गरेको संरचनामा घुनपुतली नलागेमा हामीले अपेक्षा गरेको लक्ष्य पक्कै प्राप्ति हुनेछ। तर, पत्रकार जगत र सचेत नागरिक समाजले शङ्काको सुविधा लिएर उठाउँदै गरेको प्रश्न चिन्ह कतै पत्रकार महासंघको नविन संरचनाको आयु अहिलेको एमाले- कांग्रेसबीचको संघीय सरकारको स्थायित्वका लागि मात्रै त होइन ? यो प्रश्न बडो गम्भीर छ !!सरकार आउँछन् जान्छन् -दलहरू मिल्छन् -फुट्छन् त्यो अर्को पाटो हो। तर अन्योल, भुमरी, बैमनस्यता, तिक्तता, विरोध र बहिष्कारजस्ता अप्रिय विषयलाई कुल्चिएर आशाका उज्यालो किरणलाई स्वागत गर्दै अघि बढेको झापाली पत्रकारहरूको साझा घर निर्दिष्ट लक्ष्य प्राप्तिमा निर्भिघ्नतापूर्वक अघि बढोस्। नेपाल पत्रकार महासंघ झापाका नवनिर्वाचित अध्यक्ष एकराज गिरीसहित सबै पदाधिकारी र सदस्यहरूमा हार्दिक शुभेच्छा, शुभकामना।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ। सामाजिक र धार्मिक कार्यबाट सन्तोष

**वृष** – अतिथिको रूपमा सत्कार पाइएला। राज्यबाट सहयोग मिल्नेछ।

**मिथुन** – लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन। मित्रताको बन्धन कसिने छ।

**कर्कट** – सुखमा रमाउने समय छ। नोकरी गर्नेले मानसम्मान पाउनेछन्।

**सिंह** – बेसुरमा वचन दिने बानीले अप्ठ्यारो हुन सक्छ।समस्या समाधानका लागि चालिएका

**कन्या** – गरेको काममा ढिलासुस्ती हुनेछ। विचार गरेर निर्णय लिनु उचित होला।

**तुला** – प्रतिस्पर्धामा राम्रो सफलता मिल्नेछ।

**वृश्चिक** – आज न्यायिक कार्यमा सफलता मिल्नेछ। धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** – आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ। नयाँ कार्यको योजना बन्नेछ।

**मकर** – आज चिताएको कामले तीव्रता लिनेछ। सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान

**कुम्भ** – आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। रमाइलो यात्रा गर्ने अवसर

**मिन** – वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। श्रमको उचित मूल्याङ्कन हुनेछ।